# भिमाद नगरपालिका

**BHIMAD MUNICIPALITY**

नगर कार्यपालिकाको कार्यालय

**Office of the Municipal Executive**

भिमाद, तनहुँ

Bhimad, Tanahun

२०७३/2073

गण्डकी प्रदेश, नेपाल

**Gandaki Province, Nepal**


प.सं. / Ref No.: ०८०/०८१

च.नं. / Des No.:

प्रथम पटक प्रकाशित मिति - २०८१।०२।०२

## बहाल बिटौरी शुल्क दाखिला गर्ने बारेको अत्यन्त जरुरी सूचना ।।

भिमाद नगरपालिकाको आर्थिक ऐन, २०८० बमोजिम आ.व. २०८०/०८१ देखि बहाल बिटौरी शुल्क लागू गरेको हुदाँ नगरपालिका क्षेत्रभित्र आफ्नो निजी स्वामित्वमा नरहेको वा स्वामित्व कायम नभएको (लालपूर्जा नभएको) तर भोग, उपयोग, प्रयोग हुदै आएका ऐलानी तथा प्रति वा सार्वजनिक जग्गा वा अव्यवस्थित, भूमिहिन र सुकुम्बासी बसोबास गर्ने क्षेत्रहरुमा रहेका घर, छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, छप्पर, कारखाना निर्माण गरी भोग चलन गर्ने व्यक्तिहरुले आफ्नो घर जग्गा सम्बन्धी विवरण पेश गरी बहाल बिटौरी शुल्क नगरकार्यपालिकाको कार्यालयमा दाखिला गर्नुहुन सरोकारवाला पक्षहरुलाई सूचित गराईन्छ।

साथै बहाल बिटौरी शुल्क दाखिला गर्दा प्रयोग गरिएको घर वा जग्गाको विवरणमा घरजग्गा उपयोग अवधि स्पष्ट खुलेको प्रमाण, निस्सा प्राप्त भए सोको प्रतिलिपि, फिल्ड बुक बनेको भए सोको प्रतिलिपि र सम्बन्धित वडाको सिफारिस संलग्न गरी जग्गा उपयोग गर्नेको आधिकारिक विवरण सहित तोकिएको ढाँचामा पेश गर्नु पर्नेछ । विवरण पेश गर्ने ढाँचा नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

घर वा जग्गाको विवरण धनी आफै वा निजको संगोल परिवारका व्यक्ति वा निजको मन्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन। तोकिएको मिति सम्म विवरण दाखिला नगर्ने घर जग्गा प्रयोगकर्ताले बिलम्ब शुल्क तिर्नु पर्ने हुदाँ सम्वत २०८१ साल असार मसान्त भित्रै आफुले प्रयोग गरिरहेको घर जग्गाको विवरण पेश गरी बिटौरी शुल्क दाखिला गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

अर्जुन प्रसाद पौडेल

नि. प्रमुख प्रशासकीय अधिकृत

नोटः बहाल बिटौरी शुल्कको दर संरचनाको हकमा प्रति वर्गफुट रु.१।- र जग्गाको हकमा प्रति रोपनी रु.३०००।— लाग्नेछ ।थप जानकारीको लागि नगरपालिकामा सम्पर्क गर्नुहोला ।


फोन नं: ०६५-५७२४३६, Phone Number: 065-572436

ठेगाना/ **Address: X3HJ+3P Bhimad**

ईमेल / Email : **info@bhimadmun.gov.np, bhimadmunicipality@gmail.com**

वेवसाईट / Website : **bhimadmun.gov.np**